# कास्की जिल्ला अदालतबाट मिति २०७८/३/२५ मा जारी गरिएको

## सूचना

यसमा विश्वव्यापी महामारीको रूपमा तीव्र गतिमा फैलिएको नयाँ भेरियन्टको कोरना भाइरस (COVID-19) को संक्रमणका कारण अदालतको कामकारबाही तथा सेवा प्रवाहमा सङ्कुचन ल्याउने गरी यस अदालतको विभिन्न मितिहरुमा पूर्ण बैठकबाट निर्णय भएकोमा यस अदालतका केही अधिकृत तथा कर्मचारीहरुमा कोरोना संक्रमण देखिई अदालतका प्रशासन शाखा, इजलास नं. ५ र ६ बाट प्रवाह हुने सेवा बन्द गरी पूर्व निर्णयानुसार बिस्तार गरिने सेवाहरु स्थगित गरिएकोमा हाल अवस्थामा केही सुधार आएको परिप्रेक्ष्यमा यस अदालतको मिति २०७८/०३/२५ मा बसेको पूर्ण बैंठकद्वारा जिल्ला प्रशासन कार्यालय कास्कीद्वारा जारी गरिएको निषेधाज्ञा लागू रहेसम्मका लागि मिति २०७८/०३/२७ गतेदेखि लागू हुनेगरी देहाय बमोजिमका कामकारबाही तथा सेवाहरू मात्र प्रवाह गर्ने निर्णय गरियोः

१) पक्राउ पुर्जी अनुमति, जरुरी पक्राउ पुर्जीको समर्थन, अनुसन्धान तहकिकातका लागि हिरासतमा राख्न अनुमति दिने (म्याद थप गर्ने), कल डिटेल अनुमति समेतका कार्य श्रव्य-दृश्य माध्यमबाट मात्र गरिने ।

२) फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५५ अन्तर्गतका निवेदन ।

३) बाल सुधारगृहमा रहेका बालबालिका जिम्मा लिनेसम्बन्धी निवेदनउपरको कारबाही श्रव्य-दृश्य माध्यमबाट गरिने ।

४) अभियोगपत्र दर्ता गर्ने, पक्राउ परी आएका अभियुक्तको बयान लिने र थुनछेक आदेश, बहससम्बन्धी कार्य ।

५) फैसला कार्यान्वयन सम्बन्धी थुनुवा /कैदीका निवेदन दर्ता र सुनुवाइ गर्ने ।

६) अड्ग पुगेका थुनुवा मात्र प्रतिवादी भएका सरकार वादी फौजदारी मुद्दा प्रतिइजलास प्रतिदिन १ थानसम्म सुनुवाइ गर्ने ।

७) फिराद पत्र दैनिक टोकन प्रणाली अपनाइ प्रतिदिन पाँचवटाका दरले दर्ता गर्ने, उक्त प्रयोजनको निमित्त दिनको १२ बजे भन्दा अगावै सम्बन्धित पक्षले टोकन लिइसक्नुपर्नेछ ।

८) घरेलु हिंसा (कसुर र सजाय) ऐन, २०६६ को दफा ४ अन्तर्गतको उजुरी र सोको दफा ६ सम्बन्धी मुद्दा र अन्तरकालीन संरक्षणात्मक आदेश सम्बन्धी कार्य गर्ने ।

९) विषेश प्रकृतिका निवेदनहरु दैनिक बढीमा दुई/दुईवटा ।

१०) चालु मुद्दाको मुद्दा फिर्ता, मिलापत्र, डिसमिस र तामेली ।

११) देवानी कार्यविधि संहिता, २०७४ को भाग १ परिच्छेद ३ अन्तर्गतको निवेदन दर्ता र सुनुवाइ ।

पुनश्च- काम कारबाही तथा सेवा प्रवाह स्थगन भएका अवधिमा मुद्दा तथा निवेदनहरूमा रहेका हदम्याद म्याद र तारेख नगुज्रने ।

*थप जानकारीका लागि: शाखा अधिकृत तारानाथ पोखरेल, ९८५१२२९७५३*